# साँफेबगर राजपत्र

साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ४ मिति २०७८ चैत्र ०६

## भाग १

**साँफेबगर नगरपालिकाको**

**सूचना**

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ :

# संघ संस्था दर्ता ऐन, २०७८

**प्रस्तावना :** स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा (४) (ठ) ले प्रदान गरेको अधिकारको कार्यान्वयनका लागि सामाजिक,

साँफेबगर नगरपालिका

धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम साँफेबगर नगरपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद-एक

## प्रारम्भीक

१. **संक्षिप्त नाम तथा प्रारम्भ** : (१) यस ऐनको नाम "साँफेबगर नगरपालिका संघ संस्था दर्ता ऐन २०७८" रहनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले "साँफेबगर नगरपालिका संघ संस्था दर्ता ऐन २०७८" सम्झनु पर्छ ।

(ग) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले साँफेबगर नगरपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक बिकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने दिपक्षीय तथा बहुपक्षीय

बिकास साझेदार सम्झनु पर्छ ।

(छ) “न्यायिक समिति” भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिम साँफेबगर नगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

(ज) “विधान” भन्नाले यो ऐन अनुसार स्थापित हुने संस्थाको विधान भन्ने सम्झनु पर्छ ।

(झ) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि

सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ञ) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "स्थानीय सरकार" भन्नाले साँफेबगर नगरपालिकाभन्ने सम्झनु पर्छ ।

## परिच्छेद -दुई

## संघ संस्था दर्ता तथा नविकरण

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि साँफेबगर नगरपालिका क्षेत्रभीत्र संस्था स्थापना गर्न हुदैन ।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उदेश्य भएको संस्था दर्ता गरिने छैन तर यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ ।

४. **संस्थाको दर्ता :** (१) संस्था स्थापना गर्न चाहने ९ देखि बढीमा १५ जना व्यक्तिहरुले आवश्यकता अनुसार पदाधिकारी राखि संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एकप्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उदेश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुन पर्नेछ ।

(क) संबन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रमाणित विधान ( कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) नगर कार्यपालिकाले संस्था दर्ता गर्न उचित ठानी निर्णय गरेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसुची १ अनुसार हुनेछ र सो बापत लाग्ने दर्ता तथा नविकरण दस्तुर नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(६) कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र तोकिएको अदालत समक्ष उजुरी दिन सक्नेछ ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिम संस्थाको बिधानको ढाँचा तोकिए बमोजिम हुनेछ ।

५. **संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र नगर कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

६. **अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्ने** : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम साँफेबगर नगरपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएका र हाल साँफेबगर नगरपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले नगरपालिकाक्षेत्रमा शाखा कार्यालय स्थापना गरी ऐनको दफा ४ को उपदफा (१) र (२) बमोजिम निवेदन दिई स्थानीय अधिकारीबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् । यसरी शाखा प्रमाणपत्र प्राप्त गरेपछि मात्र नगरपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ।

७. **नविकरण र प्रतिवेदन सम्बन्धी व्यवस्था :** (१) दर्ता भएका संस्थाहरुले बार्षिक नविकरण गराउनु पर्नेछ । नविकरणका लागि दिईने निवेदनमा बार्षिक प्रगति

प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुन पर्नेछ ।

(२) नविकरण दस्तुर नगरपालिकाले तोकेबमोजिमको हुनेछ ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद तीन

## समन्वय तथा परिचालन

९. **समन्वयमा कार्य गर्नु पर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएका संघ संस्था वा

नगरपालिकामा कार्यक्षेत्र बनाई प्रदेश तथा संघीय निकायमा दर्ता भएका गैरसरकारी संघ संस्था संस्थाले नगरपालिकासँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ ।

तर कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाले नगरपालिकासँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकासँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) नगरपालिकासँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(ग) नगरपालिकाले तोकेको संयुक्त अनुगमन तथा

प्रगति प्रतिवेदन प्रणाली अपनाउने।

(३) यस दफाको विपरीत कुनै सङ्घ संस्थाले काम गरेमा नगरपालिकाले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ ।

(४) संघ संस्थाको समन्वय तथा परिचालन सम्बन्धी कार्यबिधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०. **निर्देशन दिने:** (१) साँफेबगर नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद -चार

## संस्थाको सम्पत्ति तथा हिसाव सम्बन्धी व्यवस्था

११. **संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानूनी उपचारमा जान सक्नेछ ।

१२. **हिसाबको विवरण पठाउनु पर्ने** : (१) कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्वन्धित वडाको सिफारिस सहित नगरपालिकालाई बुझाउनु पर्नेछ ।

१३. **हिसाब जाँच गर्ने** : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी

समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद ५

## दण्ड सजाय सम्बन्धी व्यवस्था

**१४. <u>दण्ड सजाय</u>** : (१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम शाखा नखोली संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रचलित कानुन अनुसार दण्ड र सजाय दिईनेछ ।

(२) दफा १२ बमोजिम हिसाबको विवरण नपठाई बार्षिक नविकरण नगर्ने

संस्थाले प्रतिबर्ष रु १०००। (एकहजार) नविकरण दस्तुर तिरी पाँच आर्थिक बर्षभित्र संस्था नविकरण गराउन सक्नेछन् । लगातार तीन आर्थिक बर्ष सम्ममा पनि नविकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछन् ।

(३) दफा १३ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ ।

(४) दफा ८ को (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१५. **पुनरावेदन :** दफा १४ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. **संस्थाको विघटन र त्यसको परिणाम :** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्ने छ ।

## परिच्छेद छ

## बिबिध

१७. **नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने :** (१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा अर्को संघीय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र

यकिन हुनेछ । स्थानीय सरकारमा दर्ता भएको संस्था यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशिल हुनेछ ।

१८. **नियम बनाउन सक्ने**: यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, नियमावली, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

१९. **खारेजी र बचाउ :** (१) यस ऐनका दफा वा उपदफाहरु नगर सभाले आवश्यकता बमोजिम खारेज वा संसोधन गर्न सक्नेछ ।

(२) संस्था रजिष्ट्रेशन ऐन, २०१६ लगायत नेपाल सरकारद्धारा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गरी यस नगरपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

(३) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रदेशिक कानूनसँग बाझिएको खण्डमा बाझिएको हद सम्म स्वत निष्कृय हुनेछ ।

साँफेबगर नगरपालिका

अनुसूची १

(दफा ४ को उपदफा ५ सँग सम्बन्धित)

संघ संस्था दर्ता प्रमाण पत्रको नमुना

दर्ता नं..............

मिति : ............

**साँफेबगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**साँफेबगर अछाम**

**संस्था दर्ता प्रमाण-पत्र**

साँफेबगर नगरपालिकावडा नं...... स्थित.............................................मा स्थापना भएको.................................................. ....संस्थालाई यस नगर कार्यपालिकाको मिति............................को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।



साँफेबगर नगरपालिका

साथै यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

..................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
लक्ष्मी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका